MBK JCL
ESTD. 2010
मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड

# मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड

# Madhya Bhotekoshi Jalavidyut Company Limited

का.म.न.पा. वडा नं. ३, महाराजगञ्ज, काठमाण्डौं, नेपाल, फोनः ०१-४७२१६४१, ४७२१६४२ फ्याक्सः ०१-४७२१६४३
इमेलः admin@mbjcl.com.np वेभसाइटः www.mbjcl.com.np

## बाह्रौं वार्षिक साधारण सभासम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०/०९/०५ गते)

यस कम्पनीको मिति २०८०।०८।२६ मा बसेको सञ्चालक समितिको ३२१औं बैठकको निर्णयानुसार निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न कम्पनीको बाह्रौं वार्षिक साधारण सभा निम्न बमोजिमको मिति, समय र स्थानमा बस्ने भएको हुँदा शेयरधनी स्वयं उपस्थित हुन वा रितपूर्वक प्रतिनिधि मुकरर गरी पठाई दिनु हुन सबै शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभा हुने मिति, समय र स्थानः**

**मिति** : २०८०।०९।२७ गते, शुक्रबार (तदनुसार ई.सं.जनवरी १२, २०२४) ।
**समय** : बिहान ११:०० बजे ।
**स्थान** : कुण्डलिनी दरबार बैंक्वेट, चण्डोल, काठमाडौं ।

**विषय सूचीः**

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूबाट आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदनको प्रस्तुति र सो को स्वीकृति ।
(२) लेखापरीक्षण प्रतिवेदन सहित २०८० साल आषाढ मसान्तको वासलात र आर्थिक वर्ष २०७९/०८० को आय विवरण तथा नगद-प्रवाह विवरण र अनुसूचीहरू सहितको वित्तीय विवरणहरूमा छलफल गरी पारित गर्ने ।
(३) आ.व.२०८०/०८१ को हिसाब लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।
(४) सञ्चालक समितिका सदस्यहरुको सुविधाका सम्बन्धमा ।
(५) विशेष प्रस्ताव
- चुक्ता पूँजी र सञ्चित मुनाफाको जम्मा रकम भन्दा बढी हुने गरी ऋण लिइएको सम्बन्धमा ।
(६) विविध ।

सञ्चालक समितिको आज्ञाले,
**कम्पनी सचिव**

## साधारण सभा सम्बन्धी अन्य जानकारी :

१. वार्षिक साधारण सभा गर्ने प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता पुस्तिका तथा शेयर दाखिला खारेजको कार्य मिति २०८०/०९/१७ गते (तदनुसार जनवरी २, २०२४) (एक) दिन बन्द गरिने व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८०/०९/१६ गते (तदनुसार जनवरी १, २०२४) सम्म कारोबार भई प्रचलित कानून बमोजिम यस कम्पनीका शेयर रजिष्ट्रार ग्लोबल आइएमई क्यापिटल लिमिटेड, नक्साल, काठमाडौंमा प्राप्त भई भएको शेयर दाखिल खारेजको आधारमा शेयरधनी दर्ता किताबमा कायम रहेका शेयरधनीहरुले सो सभामा भाग लिन पाउने व्यहोरा पनि जानकारीको लागि अनुरोध छ ।
२. कम्पनीको साधारण सभाको सूचना, आ.व.२०७९/०८० को लेखापरीक्षण गरिएको वित्तीय विवरण तथा सञ्चालक समितिको वार्षिक प्रतिवेदन लगायतका कागजातहरू निरीक्षण गर्न वा प्रतिवेदन नै आवश्यक भएमा कार्यालय समयभित्र कम्पनीको रजिष्ट्र्ड कार्यालय महाराजगञ्ज, काठमाडौं वा कम्पनीको शेयर रजिष्ट्रार ग्लोबल आइएमई क्यापिटल लि., नक्साल, काठमाडौंबाट शेयरधनीको प्रमाण प्रस्तुत गरी प्राप्त गर्न सकिने छ । साथै उक्त विवरणहरु कम्पनीको वेबसाइट www.mbjcl.com.np मा पनि हेर्न सकिनेछ ।
३. सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले सभामा भाग लिन आउँदा आफ्नो परिचय खुल्ने नेपाल सरकारबाट जारी भएको फोटो सहितको प्रमाणपत्र (नागरिकता आदि) र शेयरधनीको प्रमाण (शेयर अभौतिकरण भएका शेयरधनीहरुको हकमा हितग्राही खाताको विवरण र शेयर अभौतिकरण नभएका शेयरधनीको हकमा शेयर आवेदन फारामको अर्धकट्टी) प्रस्तुत गरेपछि मात्र सभा स्थल भित्र प्रवेश गर्न दिइनेछ ।
४. आफ्नो मन्तव्य राख्न चाहनु हुने शेयरधनी महानुभावहरुले सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै बिहान १०:०० बजेदेखि दिनको ४:०० बजे भित्र कम्पनी सचिवलाई सम्पर्क गरी वा agm@mbjcl.com.np मा ईमेल गरी आफ्नो नाम र सम्पर्क नम्बर टिपाउन सक्नुहुनेछ ।
५. सभामा भाग लिन प्रतिनिधी (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले रितपूर्वक प्रतिनिधी पत्र (प्रोक्सी) दिई कम्पनीको अर्को कुनै शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सकिने छ ।
६. प्रतिनिधि नियुक्त हुने शेयरधनीले सभा शुरु हुनु भन्दा ७२ घण्टा अगावै प्रतिनिधिपत्र यस कम्पनीको शेयर रजिष्ट्रार ग्लोबल आइएमई क्यापिटल लि., नक्साल, काठमाडौंमा बुझाई सक्नु पर्नेछ ।
७. प्रतिनिधि नियुक्त गरी सो को लागि प्रतिनिधिपत्र यस संस्थाको शेयर रजिष्ट्रार ग्लोबल आइएमई क्यापिटल लि., नक्साल, काठमाडौंमा बुझाई सकेपछि प्रतिनिधि बदर गरी अर्को प्रतिनिधि दिन चाहेमा सो को सूचना सभा शुरु हुनु भन्दा ७२ घण्टा अगावै यस संस्थाको शेयर रजिष्ट्रार श्री ग्लोबल आइएमई क्यापिटल लि., नक्साल, काठमाडौंमा दिनु पर्नेछ । नयाँ प्रतिनिधिको हकमा माथि बुँदा नं.५ र ६ मा उल्लेख भए बमोजिम हुनेछ ।
८. एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि नियुक्त गरेको अवस्थामा बुँदा नं.७ बमोजिम बदर गरिएकोमा बाहेक त्यस्तो सबै प्रतिनिधि बदर हुनेछ ।
९. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसक्नु भएको शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गर्नु भएमा प्रोक्सी दिइसकेको भएता पनि त्यस्तो प्रतिनिधि पत्र स्वतः बदर हुनेछ ।
१०. संयुक्त रूपमा शेयर खरिद गरेको अवस्थामा शेयरधनीको दर्ता किताबमा पहिलो नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतिबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन पाउने छ ।
११. कुनै संगठित संस्था वा कम्पनीले शेयर लिएको भए त्यस्तो संस्था वा कम्पनीले अधिकार प्रदान गरेको प्रतिनिधिले शेयरधनीको हैसियतले सभामा भाग लिन पाउनेछ ।
१२. नाबालिक शेयरधनीहरुको तर्फबाट नाबालकको संरक्षक वा निजले नियुक्त गरेको प्रतिनिधिले सभामा भाग लिन सक्नेछन । शेयरधनीहरुको दर्ता किताबमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ ।
१३. दर्ता गराइएको प्रतिनिधि पत्र (प्रोक्सी) साधारण सभाको गणपुरक संख्याको लागि मान्य हुनेछ ।
१४. कुनै शेयरधनी महानुभावले छलफलका विषयहरु मध्ये विविध शिर्षक अन्तर्गत कम्पनी सम्बन्धी कुनै विषयमा छलफल गर्न गराउन चाहेमा सभा हुनु भन्दा ७ दिन अगावै कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनु पर्नेछ । तर त्यस्तो प्रस्ताव छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गर्ने नगर्ने अधिकार साधारण सभामै निहित हुनेछ ।
१५. साधारण सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका साधारण सभा हुने दिन विहान १०:०० बजेदेखि साधारण सभा सम्पन्न नभएसम्म खुल्ला रहनेछ ।
१६. शेयरधनी महानुभावहरू सभास्थलमा आउँदा झोला तथा अन्य वस्तुहरू नलिई आउनु हुन अनुरोध गरिन्छ । साथै सुरक्षाकर्मीबाट आवश्यक जाँच हुन सक्ने हुँदा सो कार्यमा सहयोग गरी दिनु हुन समेत अनुरोध गरिन्छ ।

***द्रष्टव्यः*** **वार्षिक साधारण सभाको सूचना सहितको छलफलको विषय सूची यस कम्पनीको वेबसाइट www.mbjcl.com.np मा पनि राखिएको हुँदा त्यहाँबाट समेत हेर्न सकिने व्यहोरा जानकारी गराउँदछौं ।**

*मिति २०८०।०९।०५ को आर्थिक राष्ट्रिय दैनिकमा प्रकाशित*

**प्रथम पटक मिति २०८०।०९।०५ को आर्थिक राष्ट्रिय दैनिकमा प्रकाशित**

Economic National Daily
# आर्थिक
राष्ट्रिय दैनिक

अङ्क ४१७५ ◆ २०८० पुस ५ गते बिहीबार ◆ ने.सं. ११४४ ◆ पृष्ठ ८ ◆ Thursday, December 21, 2023

MBK JCL
## मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड
## Madhya Bhotekoshi Jalavidyut Company Limited

का.म.न.पा. वडा नं. ३, महाराजगञ्ज, काठमाण्डौं, नेपाल, फोनः ०१-४७२१६४१, ४७२१६४२ फ्याक्सः ०१-४७२१६४३
इमेलः admin@mbjcl.com.np वेभसाइटः www.mbjcl.com.np

## बाह्रौं वार्षिक साधारण सभासम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०/०९/०५ गते)

यस कम्पनीको मिति २०८०।०८।२६ मा बसेको सञ्चालक समितिको ३२१औं बैठकको निर्णयानुसार निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न कम्पनीको बाह्रौं वार्षिक साधारण सभा निम्न बमोजिमको मिति, समय र स्थानमा बस्ने भएको हुँदा शेयरधनी स्वयं उपस्थित हुन वा रितपूर्वक प्रतिनिधि मुकरर गरी पठाई दिनु हुन सबै शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**साधारण सभा हुने मिति, समय र स्थानः**

**मिति** : २०८०।०९।२७ गते, शुक्रबार (तदनुसार ई.सं.जनवरी १२, २०२४)।
**समय** : विहान ११:०० बजे।
**स्थान** : कुण्डलिनी दरबार बैंक्वेट, चण्डोल, काठमाडौं।

**विषय सूचीः**

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूबाट आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदनको प्रस्तुति र सो को स्वीकृति।
(२) लेखापरीक्षण प्रतिवेदन सहित २०८० साल आषाढ मसान्तको वासलात र आर्थिक वर्ष २०७९/०८० को आय विवरण तथा नगद-प्रवाह विवरण र अनुसूचीहरू सहितको वित्तीय विवरणहरूमा छलफल गरी पारित गर्ने।
(३) आ.व.२०८०/०८१ को हिसाब लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने।
(४) सञ्चालक समितिका सदस्यहरुको सुविधाका सम्बन्धमा।
(५) विशेष प्रस्ताव
- चुक्ता पूँजी र सञ्चित मुनाफाको जम्मा रकम भन्दा बढी हुने गरी ऋण लिइएको सम्बन्धमा।

(६) विविध।

सञ्चालक समितिको आज्ञाले,
**कम्पनी सचिव**

### साधारण सभा सम्बन्धी अन्य जानकारी :

१. वार्षिक साधारण सभा गर्ने प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता पुस्तिका तथा शेयर दाखिला खारेजको कार्य मिति २०८०/०९/१७ गते (तदनुसार जनवरी २, २०२४) (एक) दिन बन्द गरिने व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ। नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८०/०९/१६ गते (तदनुसार जनवरी १, २०२४) सम्म कारोबार भई प्रचलित कानून बमोजिम यस कम्पनीका शेयर रजिष्ट्रार ग्लोबल आइएमई क्यापिटल लिमिटेड, नक्साल, काठमाडौंमा प्राप्त भई भएको शेयर दाखिल खारेजको आधारमा शेयरधनी दर्ता किताबमा कायम रहेका शेयरधनीहरुले सो सभामा भाग लिन पाउने व्यहोरा पनि जानकारीको लागि अनुरोध छ।
२. कम्पनीको साधारण सभाको सूचना, आ.व.२०७९/०८० को लेखापरीक्षण गरिएको वित्तीय विवरण तथा सञ्चालक समितिको वार्षिक प्रतिवेदन लगायतका कागजातहरू निरीक्षण गर्न वा प्रतिवेदन नै आवश्यक भएमा कार्यालय समयभित्र कम्पनीको रजिष्ट्र्ड कार्यालय महाराजगञ्ज, काठमाडौं वा कम्पनीको शेयर रजिष्ट्रार ग्लोबल आइएमई क्यापिटल लि., नक्साल, काठमाडौंबाट शेयरधनीको प्रमाण प्रस्तुत गरी प्राप्त गर्न सकिने छ। साथै उक्त विवरणहरु कम्पनीको वेबसाइट www.mbjcl.com.np मा पनि हेर्न सकिनेछ।
३. सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले सभामा भाग लिन आउँदा आफ्नो परिचय खुल्ने नेपाल सरकारबाट जारी भएको फोटो सहितको प्रमाणपत्र (नागरिकता आदि) र शेयरधनीको प्रमाण (शेयर अभौतिकरण भएका शेयरधनीहरुको हकमा हितग्राही खाताको विवरण र शेयर अभौतिकरण नभएका शेयरधनीको हकमा शेयंर आवेदन फारामको अर्धकट्टी) प्रस्तुत गरेपछि मात्र सभा स्थल भित्र प्रवेश गर्न दिइनेछ।
४. आफ्नो मन्तव्य राख्न चाहनु हुने शेयरधनी महानुभावहरुले सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै बिहान १०:०० बजेदेखि दिनको ४:०० बजे भित्र कम्पनी सचिवलाई सम्पर्क गरी वा agm@mbjcl.com.np मा ईमेल गरी आफ्नो नाम र सम्पर्क नम्बर टिपाउन सक्नुहुनेछ।
५. सभामा भाग लिन प्रतिनिधी (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले रितपूर्वक प्रतिनिधी पत्र (प्रोक्सी) दिई कम्पनीको अर्को कुनै शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सकिने छ।
६. प्रतिनिधि नियुक्त हुने शेयरधनीले सभा शुरु हुनु भन्दा ७२ घण्टा अगावै प्रतिनिधिपत्र यस कम्पनीको शेयर रजिष्ट्रार ग्लोबल आइएमई क्यापिटल लि., नक्साल, काठमाडौंमा बुझाई सक्नु पर्नेछ।
७. प्रतिनिधि नियुक्त गरी सो को लागि प्रतिनिधिपत्र यस संस्थाको शेयर रजिष्ट्रार ग्लोबल आइएमई क्यापिटल लि., नक्साल, काठमाडौंमा बुझाई सकेपछि प्रतिनिधि बदर गरी अर्को प्रतिनिधि दिन चाहेमा सो को सूचना सभा शुरु हुनु भन्दा ७२ घण्टा अगावै यस संस्थाको शेयर रजिष्ट्रार श्री ग्लोबल आइएमई क्यापिटल लि., नक्साल, काठमाडौंमा दिनु पर्नेछ। नयाँ प्रतिनिधिको हकमा माथि बुँदा नं.५ र ६ मा उल्लेख भए बमोजिम हुनेछ।
८. एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि नियुक्त गरेको अवस्थामा बुँदा नं.७ बमोजिम बदर गरिएकोमा बाहेक त्यस्तो सबै प्रतिनिधि बदर हुनेछ।
९. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसक्नु भएको शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गर्नु भएमा प्रोक्सी दिइसकेको भएता पनि त्यस्तो प्रतिनिधि पत्र स्वतः बदर हुनेछ।
१०. संयुक्त रूपमा शेयर खरिद गरेको अवस्थामा शेयरधनीको दर्ता किताबमा पहिलो नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतिबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन पाउने छ।
११. कुनै संगठित संस्था वा कम्पनीले शेयर लिएको भए त्यस्तो संस्था वा कम्पनीले अधिकार प्रदान गरेको प्रतिनिधिले शेयरधनीको हैसियतले सभामा भाग लिन पाउनेछ।
१२. नाबालिक शेयरधनीहरुको तर्फबाट नाबालकको संरक्षक वा निजले नियुक्त गरेको प्रतिनिधिले सभामा भाग लिन सक्नेछन। शेयरधनीहरुको दर्ता किताबमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ।
१३. दर्ता गराइएको प्रतिनिधि पत्र (प्रोक्सी) साधारण सभाको गणपुरक संख्याको लागि मान्य हुनेछ।
१४. कुनै शेयरधनी महानुभावले छलफलका विषयहरु मध्ये विविध शिर्षक अन्तर्गत कम्पनी सम्बन्धी कुनै विषयमा छलफल गर्न गराउन चाहेमा सभा हुनु भन्दा ७ दिन अगावै कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनु पर्नेछ। तर त्यस्तो प्रस्ताव छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गर्ने नगर्ने अधिकार साधारण सभामै निहित हुनेछ।
१५. साधारण सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ। शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका साधारण सभा हुने दिन विहान १०:०० बजेदेखि साधारण सभा सम्पन्न नभएसम्म खुल्ला रहनेछ।
१६. शेयरधनी महानुभावहरू सभास्थलमा आउँदा झोला तथा अन्य वस्तुहरू नलिई आउनु हुन अनुरोध गरिन्छ। साथै सुरक्षाकर्मीबाट आवश्यक जाँच हुन सक्ने हुँदा सो कार्यमा सहयोग गरी दिनु हुन समेत अनुरोध गरिन्छ।

**द्रष्टव्यः वार्षिक साधारण सभाको सूचना सहितको छलफलको विषय सूची यस कम्पनीको वेबसाइट www.mbjcl.com.np मा पनि राखिएको हुँदा त्यहाँबाट समेत हेर्न सकिने व्यहोरा जानकारी गराउँदछौं।**